कक्षाहरु सञ्चालन भैई सकेका छन्। यसरी सञ्चालन भएका कक्षाहरुमा बिउ उमार्ने, ब्याडको तयारी, बाली लगाउने दूरी, बेर्ना सर्ने, विभिन्न पासोहरु, शिकारी किराहरु, जैविक मल आदिका बारेमा किसानहरुले जानकारी पाउनुका साथै प्रयोग गर्न जानी सकेका छन्।

### घ. तालिम तथा गोष्ठीहरु:






जलवायु परिवर्तन सम्बन्धी अभिमुखिकरण, प्राङ्गारिक तरकारी तथा फलफुल खेती, जैविक मल र विषादी बनाउने तालिम र फलफूल नर्सरी व्यवस्थापन सम्बन्धी तालिम गरि जम्मा चार किसिमका तालिमहरु सम्पन्न गरिएको छ। हाल सम्म ३८० जना स्थानिय किसानहरुले तालिम था प्राविधिक सहयोग पाईसकेका छन्।



### (ङ.) प्लाष्टिक टनेल निर्माण, कृषि औजारहरु सहयोग:







तरकारी खेतीलाई व्यवसायीकरण गर्न सहयोग होस् भन्ने उद्देश्यले ४८ थान प्लाष्टिक टनेल र थोपा सिचाई सेट वितरण गरिएको छ। साथैसाथै विभिन्न किसिमका पासो (मुहनी, प्रकाश र टाँसिने) तथा फलफूल काँटछाट गर्ने औजारहरु (करौंती, सिकेचर) ४०० थान वितरण गरिएको छ।

### च. गोठ सुधार





परियोजनाको प्रथम वर्ष नेचासल्यान गाँउपालिकाको वडा नं. ३ र ४ मा गरि जम्मा ६ वटा गोठ सुधारीएको गोठ निर्माण समपन्न भएका छन्। यस कार्यक्रमलाई पाँच वटा वडाहरुमा नै बिस्तार गरिने योजना रहेको छ। यस प्रकार यस परियोजना अर्न्तगत बिभिन्न क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न भएका छन्। तोकिएका सबै क्रियाकलापहरु तोकिएको समय अवधिमा नै सम्पन्न भएका छन्।

श्री ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोक २०४९

नेचासल्यान गाउँपालिका

AEIN Aide à l'Enfance de l'Inde et du Népal

## सोलुखुम्बूको नेचासल्यान गाउँपालिकामा सञ्चालित

# जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण कार्यक्रम सम्बन्धी

## हालसम्मका प्रगतिको संक्षिप्त विवरण

ग्रामीण विकास संस्था काभ्रेपलाञ्चोकले ए.ई.आई.एन. लग्जेम्बर्ग तथा म्याङ्ग्रोव फाउण्डेशन (दातृ संस्था) को आर्थिक सहयोग र सोलुखुम्बु जिल्ला नेचासल्यान गाँउपालिकासँगको साझेदारीमा "सोलुवाट्रि: नेपालको प्रदेश नं. १ अन्तरगत सोलुखुम्बू जिल्लाको दक्षिणी भेगमा अवस्थित नेचासल्यान गाँउपालिकामा जलवायु मैत्री वन तथा पानी व्यवस्थापन प्रवर्द्धन कार्यक्रम अर्थात"SoluWaTree: Enhancing climate-smart forest and water management practices in the Nechasalyan Rural Municipality in the Southern belt of Solukhumbu District, Province 1 - Nepal"नाम गरिएको परियोजना सञ्चालन गरिरहेको छ। तीन बर्ष अवधिको यो परियोजना १ अक्टोवर, २०२० देखि सञ्चालन भईरहेको छ। यस परियोजनाले जलवायु परिवर्तनको कारणले समुदायमा पारेका प्रभावहरुलाई न्यूनीकरण गर्न र प्रभावित समुदायलाई त्यसका असरहरुसँग समयानुकुलित हुदै काम गर्न सघाउ पुऱ्याउने उद्देश्यले सार्वजनिक, सरकारी, संस्थागत तथा निजी बाँझो/खाली जमीनमा स्थानीय प्रजातिका रुख, डालेघाँस तथा जडिबुटीका बिरुवाहरुको वृक्षारोपण गरि हरियाली बढाउने, प्राकृतिक पोखरीहरुमा पानी पुनर्भरण गरी दिगो बनाउने, कृषकहरुलाई प्राङ्गारिक खेतीमा व्यवसायिकरणको लागि प्रोत्साहित गर्न प्राविधिक सहयोग तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण सम्बन्धि सवालहरुमा स्थानीय समुदायको ज्ञान र क्षमता अभिवृद्धि गर्नमा टेवा पुऱ्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन भईरहेको छ। उक्त लक्ष्य तथा उद्देश्यहरु हाँसिल गर्न परियोजनाले मुख्य गरि तिनवटा कार्यक्रमिक क्षेत्रमा काम गरिरहेको छ। ती तिन वटा क्षेत्रहरु:

- पानी संरक्षण तथा व्यवस्थापन (Water Conservation and Management)
- नर्सरी व्यवस्थापन तथा वृक्षारोपण (Afforestation Measures (REDD+/Mitigation)
- प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धन (Promotion of Organic Agriculture)

माथि उल्लेख गरिएका तिन क्षेत्रहरु मध्य पानी संरक्षण तथा व्यवस्थापन र वन नर्सरी सञ्चालन तथा वृक्षारोपण कार्यक्रम दातृ संस्थाबाट प्राप्त कोषबाट सञ्चालन गरिएको छ भने प्राङ्गारिक कृषिमा नेचासल्यान गाउँपालिकाले हरेक आर्थिक बर्षमा २५ प्रतिशत समपुरक कोष विनियोजन गरि काम भईरहेको छ। प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्न प्राविधिक जनशक्ति (कृषि अधिकृत र कृषि जेटी) ग्रामीण विकास संस्थाले व्यवस्थापन तथा परिचालन गरिरहेको छ।

### परियोजनाको उद्देश्यहरु

- सार्वजनिक, सरकारी, संस्थागत तथा निजी बाँझो जमीनमा स्थानीय प्रजातिका रुख, डालेघाँस तथा जडिबुटीका बिरुवाहरुको वृक्षारोपण गरी वनको अवस्था वृद्धि गर्ने तथा हरियालीले ढाकेको क्षेत्र बढाउने।
- प्राकृतिक पोखरीहरुमा पानी पुनर्भरण गरी सदाबहार बनाउने, मूलको पानी संरक्षण गर्ने र कृषि उत्पादनको लागि पानी संकलन प्रविधिहरुको प्रवर्द्धन गरी स्थानीय समुदायको पानी व्यवस्थापन क्षमतामा सुधार गर्ने
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी सवालहरुमा स्थानीय समुदायको ज्ञान र क्षमताको अभिवृद्धि गर्न स्थानीय सरकार, विद्यालय तथा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने
- नेपाल सरकारको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ अनुसार स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action - LAPA) तयार गर्न, यसलाई अनुमोदन गर्न र जलवायु परिवर्तन अन्तरगत नीतिहरुमा समावेश गर्न स्थानीय सरकारलाई सहजीकरण र सहयोग गर्ने
- स्थानीय सरकारको प्रांङ्गारिक खेतीको कार्यक्रमलाई सहयोग गर्न कृषकहरुलाई कृषि तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराई उनीहरुको जीविकोपार्जन अभिवृद्धि गर्ने
- नेपाल सरकारको जलवायु मैत्री गाउँ कार्यविधि, २०७३ मा उल्लेख भएको प्रावधान अनुसार दुई वटा नमूना जलवायु मैत्री गाउँ स्थापना गर्ने।

यो कार्यक्रम अन्तराष्ट्रिय दातृ संस्था, नेपाली गैर सरकारी संस्था र स्थानीय सरकारले आर्थिक साझेदारी गरी सञ्चालन गरिएको नेपालको नमूना कार्यक्रमहरु मध्येको एक कार्यक्रमको रुपमा लिन सकिन्छ। परियोजनामा दातृ संस्था, राष्ट्रिय गैर सरकारी संस्था र स्थानीय सरकारले गर्ने कार्यक्रमिक क्षेत्र स्पष्ट छुट्टयाई कार्यक्रम गरिरहेको छ। यस परियोजनाको महत्वपूर्ण पक्ष कार्यक्रमको नेतृत्व नीतिगत रुपमा स्थानीय सरकार (गाउँपालिकाले) लिएको छ। यसर्थ यस परियोजनालाई संस्था र स्थानिय सरकार बिचको साझेदारीमा सञ्चालन भईरहेको एउटा उदाहरणीय कार्यक्रमको रुपमा लिन सकिन्छ।

यस परियोजना अन्तरगत हालसम्म सम्पन्न भएका कार्यक्रहरुको संक्षिप्त विवरण तपशिल बमोजिम रहेको छ :

## (१) पानी संरक्षण तथा व्यवस्थापन कार्यक्रम

पानी संरक्षण तथा व्यबस्थापन कार्यक्रम अर्न्तगत यस परियोजनामा जलवायु परिवर्तनको असरले प्रभावित भई सुकेका प्राकृतिक पोखरीहरु पुनर्भरण गर्ने र पहिलेकै अवस्थामा फर्काउने योजना रहेको छ। साथै किसानहरुलाई पानी व्यवस्थापन गर्न सजिलो बनाउन बर्षातको बेला खेर जाने पानी तथा बर्षाको आकासे पानी संकलन गर्न प्लाष्टिक पोखरीहरु नमूनाको रुपमा निर्माण गरि व्यवस्थित सिंचाईंको लागि सहयोग गर्ने कार्यक्रमहरु छन्। सोही कार्यक्रम अनुसार सम्पन्न भएका गतिविधिहरु निम्नानुसार रहेका छन्:

### क. फुर्के पोखरी पुन:निर्माण तथा पानी पुनर्भरण:


पुनर्निर्माण अघिको पोखरी


पुनर्निर्माण पछिको पोखरी

यस नेचासल्यान गाँउपालिका क्षेत्रभित्र रहेका अधिकांश प्राकृतिक पोखरीहरु सुख्खाग्रस्त भएका छन्। ती सुख्खाग्रस्त पोखरी मध्ये गाउँपालिकाको वडा नं.४ मा रहेको फुर्के पोखरी पनि एक थियो। प्राप्त तथ्य अनुसार पहिले बाऱ्है महिना पानीले भरिभराउ हुने पोखरी बिगत २० बर्ष देखि पूर्णरुपमा सुकेको थियो। उक्त पोखरीलाई पहिलो बर्ष पुनर्भरण गर्ने कार्य सम्पन्न भएको छ। यसको लागि पोखरीको मर्मत कार्यक्रम २०७७ साल माघ महिनाबाट काम शुरु गरि २०७८ सालको श्रावण महिनामा पोखरीको स्वरुपलाई प्राकृतिक अवस्थामै फर्काउन पानी पुनर्भरण गर्ने कार्य सम्पन्न भई २०७८ साल भाद्र ११ गते समुदाय र गाँउपालिकालाई कार्य सम्पन्न भएको पोखरी संरक्षण तथा व्यवस्थापनको लागि हस्तान्तरण गरिएको थियो।


पुनर्निर्माण अघिको पोखरी


पुनर्निर्माण पछिको पोखरी

पोखरीको पुन:निर्माण र पुनर्भरण कार्य कुल रु.२७,४९,९५० (अक्षरुपी सत्ताइस लाख उनान्चास हजार नौ सय पचास) रुपैयाको लागतमा निर्माण सम्पन्न भएको छ। उक्त पोखरीको आकार १४० मिटर परिधि तथा १.८ मिटर गहिराई रहेको र पुन:निर्माणपछि यहाँ करिब २४ लाख लिटर पानी जम्मा हुने क्षमता रहेको छ। साथै उक्त पोखरीमा जम्मा भएको पानीबाट सुख्खा मौसममा करिब १०० घरधुरीलाई आवश्यक पानी व्यवस्थापन भएको छ भने अप्रत्यक्ष रुपमा गाउँपालिकाको अन्य वडाका वासिन्दा पनि लाभान्वित भएका छन्। उक्त पोखरीको संरक्षण तथा दिगोपनको लागि भलको पानी थिग्रने पोखरी (Sedimentation tank) समेत निर्माण गरिएको छ।

पोखरीमा पानी सधैं रहिरहोस् भनेर पोखरीको पिंध प्राविधिक रुपमा व्यवस्थित बनाई पानी अडिने व्यवस्था मिलाईएको छ। साथै पोखरी भन्दा नौ सय मिटर टाढाको मुहानबाट ५० एमएमको एच.डि.पि.ई. पाइप मार्फत पानी ल्याइएको छ। उक्त मुहानबाट हिउदको चार महिना (फाल्गुन देखि जेठ महिना) बाहेकको समयमा पानी आउने हुँदा पोखरीमा सदावहार रुपमा पानी रहने अपेक्षा गरिएको छ। जलवायु परिवर्तनले गरेका असरको न्यूनीकरणको लागि उक्त पोखरी नमूना योग्य सावित हुने छ। मुख्यत: यस पोखरीको पानी सुख्खा समयमा पशु चौपायाहरुलाई खुवाउने तथा कृषि योग्य जमिनमा सिंचाई गर्न सकिने छ।

संस्थाद्वारा बारा जिल्लाको कर्चोवामा भएको थियो, त्यस पछि हाल सम्म नेपालको विभिन्न भूभागमा गरी ११४ वटा सामुदायिक बिउ बैंकहरुको स्थापना भैसकेको तथ्याङक छ।

सामुदायिक बिउ बैंकको मुख्य उद्देश्य भनेको स्थानीय बिउहरुलाई सहभागिता मुलक बाली प्रजनन् र सहभागिता मुलक बाली छनोट प्रक्रियाका मध्यमबाट बिउ पुन: ताजगी गराई रहने र उक्त पालिकालाई स्थानीय बिउमा आत्मानिर्भर बनाउनु हो। साथसाथै अहिले हाम्रो देशमा अवैधानिक ढङगले ठूलठूला अन्तरराष्ट्रिय बिउविजन कम्पनीहरुले बिउ वितरण प्रणालीलाई आफ्नो पक्षमा पार्न खोजिरहेका छन्। उक्त परनिर्भता भंग गर्नु र यस पालिका भित्र रहेको किसानहरुलाई बिउविजन प्रयोगको मामिलामा जागरुक बनाउदै लैजानु पनि रहेको छ।

नेचासल्यान गाउँपालिका स्थानीय बालीहरुको दृष्टिकोणको हिसाबले अग्र स्थानमा रहेको पालिका हो। मनसरो, बिरम फुल, बाङ्गे मसिनो, जर्नली, अटेमासीं आदि जातका धान, पाङदुर, नङ कटुवा, थाके/झाप्रे, दोर्पाली आदि जातको कोदो र अन्य बालीहरुका बिउहरु समेत लोपोन्मुख अवस्थामा रहेको स्थानीय कृषकहरुले बताउछन्। यस सामुदायिक बिउ बैंकको थालनी पछि ४ जातका कोदोका (नङकटुवा, थाके/ झाप्रे , दोरपाली, कालो कोदो) बिउहरुलाई पुनजागरण गर्ने काम भई रहेको छ भने अब आउने हिउद मौसममा मकै एवं गहुँका स्थानीय बिउहरुमा काम गर्दै यस बिउ बैंकलाई अघि बढाउदै लैजाने योजना रहेको छ।यसरी तयार भएको बिउलाई यस पालिकाभित्र रहनु भएका किसानहरुलाई सहुलियत दरभाउमा बिउ बैंक मार्फत नै उपलब्ध हुने छ भने बिउ बैंक राम्रोसँग सञ्चालनमा आईसकेपछि बिउ साटासाट, सहुलियत दरमा बिउ बैंकमा किसानका बिउ भण्डारण गर्ने र बिउ कर्जाको सुविधा समेत विस्तार गर्दै लैजाने योजना पनि रहेको छ।

### ग. कृषक पाठशाला:





कृषक पाठशाला समुहमा आधारित एक अनौपचारिक कृषि शिक्षा पद्धति हो जुन एकीकृत किट व्यबस्थापन प्रवर्द्धन गर्ने धैरै सरकारी, गैर सरकारी संस्था र अन्तरराष्ट्रिय एजेन्सीद्वारा प्रयोग गरिएको छ। सर्वप्रथम कृषक पाठशालाको अवधारणा सन १९८९ मा इन्डोनेसियामा धान खेतीमा रोग किराको समस्या समाधान गर्न शुरुवात गरिएको थियो र त्यसपछि यस विधिको प्रयोग विभिन्न अन्न, तरकारी तथा फलफूल बालीहरुमा र रोग किरा नियन्त्रण गर्न संसार भरि गरिन थाल्यो।

यस पाठशालाको मुख्य उद्देश्य भनेको छरिएर रहेका किसानहरुको प्रत्येक घरघरमा गएर प्राविधिक ज्ञान तथा शिपहरु फैलाउनका लागि धेरै समय लाग्ने भएकाले किसानहरुलाई एकै ठाउँमा गोलबद्ध बनाई शिक्षा दिनु हो जसमा कुनै एक बालीमा त्यहाँ भएका मुख्य समस्याहरु के के छन् सोही समस्यामा केन्द्रीत भएर त्यसको समाधान गर्नको लागि कृषक पाठशाला सञ्चालन गरिन्छ।

"सोलुवाट्रि" परियोजना अर्न्तगत परियोजनाको दोश्रो बर्ष नेचासल्यान गाउँपालिकाको वडा नं. ५ मा रहेको खालिङ्ग गाउँ र साम्बुरुमा कृषक पाठशालाको अभ्यास भइसकेको छ। उक्त कार्यक्रम अकबरे खुर्सानी पकेट क्षेत्रका किसानहरुलाई समेटेर अकबरे खुर्सानीमा सञ्चालन भईसकेको छ। १५- १५ जनाको समूह गठन गरि पाठशालाको अभ्यास दुवै ठाउँमा भईसकेको छ। यसरी पाठशाला सञ्चालन हुँदा हप्ताको कुनै एक निर्धारित बार बाली लगाएपछि बालीले उत्पादन दिनु सुरु नगरे सम्म १२ देखि १६ हप्तासम्म निरन्तर कृषकहरुकै खेत बारीमा प्रत्यक्ष रुपमा सहभागी भै प्रयोगात्मक तरिकाबाट कक्षा सञ्चालन हुन्छ। कक्षा थालनी गरेको दुवै समूहहरुमा ६- ६ वटा





समुदायमा फोहोरमैला व्यवस्थापनको लागि १२ वटा सचेतनामूलक तालिम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। नेचासल्यान गाउँपालिकाको वडा नं. १ र वडा नं. ५ को माथिलो क्षेत्रहरुको किसानहरुलाई छनोट गरि २ वटा ३ दिने जडिबुटी खेती सम्बन्धी तालिम सम्पन्न भएका छन्। त्यस तालिममा चिराईतो र सतुवा खेतीको नर्सरी निर्माणदेखि उत्पादन गरि बिक्रि वितरण सम्मको जानकारी प्रदान गरिएको थियो। साथै तालिममा समावेश भएका व्यक्तिहरुलाई चिराईतोको बिउ, सतुवाको गाना र लोठ सल्लाको बिरुवाहरु वितरण गरिएको थियो। उक्त तालिममा पश्चात् चिराईतोको बिउ ६ के. जि, लौठ सल्लाको बेर्ना ३०० वटा र सतुवाको गानो ४०० वटा सहभागि लगाएत अन्य किसानहरुलाई वितरण गरिएको थियो।

## प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धन





दिगो कृषि र पर्यावरणीय संरक्षणको हिसावले प्राङ्गारिक कृषि नै एक उत्तम कृषि प्रविधि हो। विश्वमा जनसंख्या वृद्धिका कारण खाद्यान्नको माग बढेकोले गर्दा खाद्य उत्पादन वृद्धि गर्नुपर्ने हुन्छ। उत्पादन वृद्धि गर्नुका निम्ति विभिन्न किसिमका रासायनिक मल तथा रोगकिरा व्यबस्थापन गर्नका लागि रासायनिक विषादीको प्रयोग बढ्दो छ र सोका कारण मानिस, पशुपन्छी तथा पर्यावरणमा विभिन्न किसिमका रोग तथा समस्याहरुको प्रकोप पनि बढ्दो छ। प्राङ्गारिक तरिकाबाट विरुवा वृद्धि विकास हुनको लागि आवश्यक खाद्यतत्व तथा हर्मोनहरुको परिपूर्ति र रोगकिरा नियन्त्रण गर्न प्राङ्गारिक विषादीहरुको प्रयोग गरि खेती गर्न सकिन्छ र ति मल तथा विषादीहरुले कुनै किसिमको वातावरण तथा मानव र पशु स्वास्थ्यमा असर गर्दैनन्।



प्राङ्गारिक कृषिलाई थप प्रवर्द्धन गरि नेचासल्यान गाउँपालिकाको कृषि उत्पादनमा वृद्धि गराई वातावरण मैत्री हुँदै स्थानियको आर्थिक स्तर उन्नति गराउने लक्ष्य "सोलुवाट्रि" परियोजनाको रहेको छ। सोलुवाट्रि परियोजना अन्तर्गत प्राङ्गारिक कृषि सम्बन्धी सबै कार्यक्रमहरु नेचासल्यान गाउँपालिकाको समपुरक कोष र ग्रामीण विकास संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भई रहेको छ। यस परियोजना अन्तर्गत गाँउपालिकाको समपुरक कोषबाट प्राङ्गारिक कृषि क्षेत्रमा निम्न कार्यक्रमहरु सम्पन्न भएका छन्।

### क. फलफूल नर्सरी स्थापना:





परियोजना अवधि भरि (तीन वर्षमा) करिब बिस हजार बिरुवा उत्पादन गर्ने लक्ष्य सहित फलफूल नर्सरी नेचासल्यान गाँउपालिका वडा नं.४ थुम्कीमा स्थापना गरिएको छ। उक्त नर्सरीमा ८ प्रजातिका (कागती, अनार, रुख कटहर, भुईकटहर, सित्तल चिनी, मेवा,आँप र अम्बा) गरि १५,००० हजार फलफूलका विरुवा उत्पादन गरिएका छन्। उक्त नर्सरीमा आवश्यक भौतिक संरचनाहरु पानी पोखरी, ग्रीन हाउस, सेड हाउस, बेड लगायतका संरचनाहरु निर्माण भएका छन्। यस वर्ष करिब २००० फलफूलका विरुवाहरु जिल्ला दररेटको ५० प्रतिशत अनुदान मूल्यमा स्थानीय कृषकहरुलाई वितरण गरिएको छ। साथै विरुवा वितरण कार्य निरन्तर भई रहेको छ।

### ख. सामुदायिक बिउ बैंक:

कृषि अन्न तथा बालीहरुको आनुवांशिक श्रोतहरु (बिउ तथा प्रजनन्का साधन) मानव जीवनको आधार हो, यही स्थानीय बिउ एवं श्रोतहरुको जगेर्ना गर्ने उद्देश्यका साथ ग्रामीण विकास संस्था, काभ्रेको प्राविधिक सहयोग र नेचासल्यान गाउँपालिकाको आर्थिक सहयोगमा "जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण परियोजना" अन्तर्गत यस गाउँपालिकाको वडा नं. ३ मा रहेको कृषक समुह श्री जलपा देवी महिला कृषक समूहको पहलमा "सामुदायिक बिउ बैंक" को थालनी भएको छ। नेपालमा बिउ बैंकको विधिवत थालनी ई.स २००३ मा लि-बर्ड नामक गैर सरकारी

यस नेचासल्यान गाँउपालिका क्षेत्रभित्र रहेका अधिकांश प्राकृतिक पोखरीहरु सुख्खाग्रस्त भएका छन्। ती सुख्खाग्रस्त पोखरी मध्ये गाउँपालिकाको वडा नं.४ मा रहेको फुर्के पोखरी पनि एक थियो। प्राप्त तथ्य अनुसार पहिले बाह्रै महिना पानीले भरिभराउ हुने पोखरी बिगत २० बर्ष देखि पूर्णरुपमा सुकेको थियो। उक्त पोखरीलाई पहिलो बर्ष

### (ख) सुके पोखरी पुन:निर्माण तथा पानी पुनर्भरण:


पुनर्निमाण अघिको पोखरी


पुनर्निमाण पछिको पोखरी

जलवायु परिवर्तनको असर स्वरुप सुकेका पोखरीहरु मध्ये नेचासल्यान गाउँपालिका वडा नं. ३ को सिरान कालीपोखरी सामुदायिक वन क्षेत्रभित्र रहेको सुकेपोखरी पनि एक हो। लामो समय करिब २०५२ सालसम्म भरिभराउ देखिने उक्त पोखरी तत् पश्चात सुकेको र वर्षाको पानी सीमित समयसम्म मात्रै रहदै आएको जानकारी स्थानीय अग्रजहरुबाट आएको छ। यसकारण स्थानिय समुदायबाट माग भई आए बमोजिम ग्रामीण विकास संस्थाको पहल र नेचासल्यान गाउँपालिकाको साझेदारीमा यस पोखरीको पनि पुन:मर्मत तथा पानी पुनर्भरण गरी पहिलेकै अवस्थामा फर्काउने योजना निर्माण गरी सोही बमोजिम काम सम्पन्न गरियो।

१२१ मिटर गोलाई तथा १.८२ मिटर गहिराई भएको सुके पोखरी निर्माण गर्दा यसको पहिलेको स्वभाविक स्वरुप परिवर्तन नगरी अथवा पहिले जस्तै स्वरुप तथा ढाँचामा देखिने गरी बनाइएको छ। उक्त पोखरी निर्माण गर्दा ६० मिटर लम्बाई ४० मिटर चौडाईको क्षेत्रफलमा जम्मा हुने पानी लामो अवधिसम्म रहिरहने गरी प्राविधिक तरिकाले जमिनको व्यवस्था गरिएको छ र त्यसलाई १५ सेन्टीमिटर चालेको माटोले थिचिएको छ। साथै पोखरीको पूर्व दिशामा १.८ मिटर र बाँकि तिन दिशामा १ मिटर अग्लो ढुङ्गाको सुख्खा पर्खाल लगाइएको छ। यसरी निर्माण भए पश्चात् पोखरी भित्र करिब २० लाख लिटर पानी अटाउने संरचना निर्माण भएको छ।


पुनर्निमाण अघिको पोखरी


पुनर्निमाण पछिको पोखरी

खासगरी यस्ता पोखरीहरु पुनर्भरण हुनाले समग्रमा वन वातावरण अझै जिवन्त रहने, वन्यजन्तु तथा चराचुरुङ्गीहरुले पानीको खोजीमा आफ्नो वासस्थान परिवर्तन गर्नु नपर्ने, जैविक विविधता कायम रहन थप टेवा पुग्ने तथा जलचक्रको सन्तुलित अवस्था कायम रहन निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

पोखरी निर्माण पश्चात प्रत्यक्ष लाभान्वित घरधुरी ५० तोकिए तापनि यसको पुनर्भरण पश्चात पानीको विविध तरिकाले प्रयोग हुने गरेको पाइएको छ। जंगली जनावर तथा चराचुरुङ्गीहरुको आवागमन तथा चहलपहलमा वृद्धि, आन्तरिक पर्यटनको प्रवर्द्धन, वरिपरि सञ्चालन भएका विभिन्न विकास आयोजनाहरुमा आवश्यक पानीको परिपूर्ति यस पोखरीले पूरा गरेको छ। साथसाथै यस पोखरी तथा फुर्के पोखरी पुनर्भरणले ग्रामीण जनजीवनमा पारेको सकारात्मक प्रभाव र दैनिक जीविकोपार्जन सहज बनाउन समेत टेवा पुऱ्याएको छ। सम्पूर्ण नेचासल्यानमा आएको जलवायु परिवर्तनको अनुकूलन सम्बन्धी पहिलेभन्दा जनचेतनामा परिवर्तन आएको छ।

### (ग) तिनकन्या पोखरी मुहान संरक्षण:


पुनर्निमाण अघिको पोखरी


पुनर्निमाण पछिको पोखरी

तिनकन्या पोखरी तथा मुहान नेचासल्यान गाउँपालिकाको वडा नं. ५ मा अवस्थित छ। उक्त क्षेत्रको नाम पोखरी पनि त्यस पोखरीको अवस्थितिबाट नै राखिएको स्थानीय बासिन्दाको भनाई रहेको छ। साथै करिब २०४४ सालताका पोखरीको नाम "तिनकन्या" पोखरी नामाकरण गरिएको हुनाले तिनकन्या पोखरी तथा मुहान धार्मिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ।
विगत लामो समयदेखि जलवायु परिवर्तनको असरले विभिन्न पानी मुहान सुकेता पनि यो मुहान नेचासल्यानको सदावहार मुहान रही आएको छ। यद्यपि यस क्षेत्रमा बढेको मानव बस्ती, पशु चौपाया, अव्यवस्थित पानीको मुहान तथा पोखरीमा बढ्दो थिग्रिएको माटोले पानी मुहान तथा पोखरी दुईवटै अस्तित्व लोप हुन सक्ने संकेत देखिएको थियो। तसर्थ यस तिनकन्या पानी मुहान र पोखरी मर्मत संभार गर्न आवश्यकता देखिएको थियो।

तिनकन्या पोखरी तथा मुहान नेचासल्यान गाउँपालिकाको वडा नं. ५ मा अवस्थित छ। उक्त क्षेत्रको नाम पोखरी पनि त्यस पोखरीको अवस्थितिबाट नै राखिएको स्थानीय बासिन्दाको भनाई रहेको छ। साथै करिब २०४४ सालताका पोखरीको नाम "तिनकन्या" पोखरी नामाकरण गरिएको हुनाले तिनकन्या पोखरी तथा मुहान धार्मिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ।

विगत लामो समयदेखि जलवायु परिवर्तनको असरले विभिन्न पानी मुहान सुकेता पनि यो मुहान नेचासल्यानको सदावहार मुहान रही आएको छ। यद्यपि यस क्षेत्रमा बढेको मानव बस्ती, पशु चौपाया, अव्यवस्थित पानीको मुहान तथा पोखरीमा बढ्दो थिग्रिएको माटोले पानी मुहान तथा पोखरी दुईवटै अस्तित्व लोप हुन सक्ने संकेत देखिएको थियो। तसर्थ यस तिनकन्या पानी मुहान र पोखरी मर्मत संभार गर्न आवश्यकता देखिएको थियो।




त्यसैले पुष २८, २०७८ बुधबार देखि निर्माण कार्य शुरु गरी वैशाख १० २०७९ मा सम्पन्न गरिएको पोखरीमा विभिन्न कामहरु भएका छन्। पोखरीको आकार पहिलेको भन्दा बढाएर २५.६ मि. लम्वाई, १२.१२ मि.चौडाई, १.८ मिटर गहिराई बनाइएको छ। त्यस पोखरीभित्रको पानीको भार थाम्न १६.१५ मि. लम्वाई ०.१५ मि.चौडाई २.४३ मिटर उचाई को सेर वाल (Sher wall) निर्माण गरिएको छ भने बाँकि वरिपरि लगभग ६० मिटरको सिमेन्टेड पर्खाल लगाइएको छ।

पोखरीमा पहिलेदेखि नै गाईवस्तु आहाल बसाउने तथा चरिचरनको बेला पानी खुवाउने चलन रहेको हुँदा उक्त परियोजनका लागि ८.७ मि. लम्वाई  ७ मि.चौडाई, ०.६ मिटर उचाई चौपाया आहाल बसाउने मुल पोखरी भन्दा तल्लो भागमा सानो पोखरी निर्माण गरिएको छ। त्यस पोखरीमा पानी मुख्य पोखरीबाट ४ मि. लम्वाई, १.८२ मि.चौडाई १.५२ मिटर उचाईको तीनतले क्यास्केड (Cascade) हुँदै बगेर जाने व्यवस्था मिलाइएको छ। यसरी आहाल बस्ने तथा चौपायाको लागि पानी खाने अलग्गै व्यवस्था गरेपछि मूल मुहान भएको पोखरीभित्र गाईवस्तु पस्ने, पसाउन आवश्यक हुँदैन र मूलको पानी सधैं सफा रहन्छ।

पोखरी निर्माण तथा मुहान संरक्षण कार्यक्रम पश्चात् उक्त पोखरीमा करिब साँढे १० लाख लिटर पानी अडिने

## घ. प्लाष्टिक पोखरी निर्माण:





सुख्खा मौसममा बर्षातको पानी संकलन गरि सिंचाईको माध्यमबाट तरकारी खेती प्रवर्द्धन गर्न तथा आवश्यक घरायसी प्रयोगको लागि १२ वटा प्लाष्टिक पोखरी निर्माण गरिएको छ। उक्त प्लाष्टिक पोखरी सुख्खाग्रस्त स्थानका परिवार छनौट गरि निर्माण गरिएको हो। प्लाष्टिक पोखरीको आकार ६ मिटर लम्वाई, ४ मिटर चौडाई र १.५ मिटर गहिराई भएको र प्रति पोखरीमा लगभग ३४,००० लिटर पानी अट्ने क्षमता रहेको छ। त्यसकारण यो एउटा पोखरीले एक घरपरिवारलाई सुख्खा सिजनको करिव चार महिना खानेपानी बाहेक गाईवस्तुलाई खुवाउने, तरकारी बारीमा लगाउने र अन्य घरायसी प्रयोजनको लागि पर्याप्त हुने देखिन्छ।

## ङ. सिचाई कुलो:







लगभग एक सय वर्ष भन्दा पुरानो इतिहास बोकेको नेचासल्यान गाँउपालिका वडा नं. ५ मा पर्ने भिनेम- दुइघरे गाँउमा रहेको सिंचाई कुलो मर्मत तथा पुनर्निर्माण कार्यक्रम सम्पन्न गरिएको छ। ६५ मिटर लामो पक्की सिंचाई कुलोको सिमेन्टेड संरचना, ११५ मिटर लामो १२५ एम.एम.को, ११० मिटर लामो ११० एम.एम.को र ११० मिटर नै लामो ९० एम.एम.को एच.डि.ई.पि.पाइप जडान गरि सिंचाई कुलो निर्माण गरिएको छ। बाँकी स्थानमा सफाई तथा व्यवस्थित गरि पानी नियमित रुपमा सञ्चालन गरिएको छ। यस सिंचाई कुलोबाट ३७ घरधुरीलाई सिचाईको व्यवस्था उपलब्ध भएको छ। यसबाट यहाँका लाभान्वित किसानहरु उत्साहित भएका छन्। कुलो मर्मत तथा पुनर्निर्माणपछि खेतमा पानीलाई व्यवस्थित किसिमले सिंचाई गर्ने र सुख्खा समयमा पनि पानी उपलब्ध हुने सुविधा किसानले पाएका छन्। यस सिंचाईबाट करिव १५ हेक्टर खेतमा सिंचाई गर्न सकिन्छ।

## नर्सरी व्यवस्थापन तथा वृक्षारोपण

मानव लगायत सबै प्राणी जगतको लागि वातावरणीय हिसाबले वन अत्यन्त महत्वपूर्ण क्षेत्र हो। वनले विषेशत: पानी संरक्षण, माटो संरक्षण, वन्यजन्तुको वासस्थान संरक्षण तथा जैविक विविधता संरक्षणमा विशेष भुमिका निर्वाह गर्दछ। साथै विश्वव्यापी जलवायु परिवर्तन न्यूनीकरणको सबैभन्दा ठुलो जिम्मेवार क्षेत्र वन क्षेत्र नै हो। यस अर्न्तगत यस परियोजनामा निम्नानुसारका कार्यक्रमहरु सम्पन्न भएका छन:

### क. वन नर्सरी स्थापना:





यस संस्थाको सहजीकरणमा परियोजना अवधि भरि (तिन बर्ष भित्र) मा करिब दुई लाख स्थानीय प्रजातिका बेर्ना/बिरुवा उत्पादन गरि १२५ हेक्टर खाली जमिनमा वृक्षारोपण गर्ने लक्ष्य रहेको छ। यसको लागि संस्थाले यस गाउँपालिकाको वडा नं. ४ स्थित फुर्केमा ५ रोपनी जग्गामा नर्सरी स्थापना गरि बिरुवाहरु उत्पादन गरिरहेको छ। नर्सरीमा आवश्यक पुर्वाधारहरु पानी पोखरी, ग्रीन हाउस, घेरवार, बिऊ र बिरुवा ब्याड लगायतका कार्यहरु गरिएको छ। नर्सरीमा हाल सम्म २२ स्थानिय प्रजातिका लगभग १,५०,००० बिरुवा उत्पादन भएका छन्।

### ख. वृक्षारोपण कार्य:





वृक्षारोपण कार्यक्रम यस परियोजनाको महत्वपूर्ण पक्ष मानिन्छ किनकी वृक्षारोपण नेपाल जस्तो अल्पविकसित राष्ट्रको एउटा मात्र विकल्प हो जसले जलवायु परिवर्तन न्यूनीकरणमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ। बिरुवाले वाता वरणमा भएको कार्वनडाइअक्साइड $CO_2$ (हरितगृह ग्याँस) लाई प्रकाश संश्लेषणका माध्यमबाट काण्ड, जरा, पात तथा विभिन्न भागमा मिलाई जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नमा मद्दत पुऱ्याउने कार्य गर्दछ।

यस परियोजनाले आफैं सञ्चालन गरेको नर्सरीबाट उत्पादित विभिन्न २२ जातका डालेघाँस, काठ, उच्च मूल्य भएका तथा सजावटका बिरुवाहरु उत्पादन गरी करिव १ लाख १५ हजार बिरुवाहरु वितरण भईसकेका छन्। जसमध्ये नेचासल्यानमा रहेका ६ वटा सामुदायिक वनले वृक्षारोपण कार्यमा सहभागिता जनाई करिव २० हजार बिरुवाहरु वृक्षारोपण गर्ने कार्य सम्पन्न भएको छ भने बाँकी बिरुवाहरु निजी व्यक्तिको जग्गामा लगाउनका लागि वितरण गरिएको छ। हालसम्म वृक्षारोपण भएका सामुदायिक वन तथा निजी क्षेत्रहरुमा अनुगमन गर्दा रोपण गरिएका बिरुवाहरु करिब ७० प्रतिशत भन्दा बढि हुर्किएको पाईएको छ।

### ग. तालिम तथा गोष्ठीहरु:





यस परियोजना अर्न्तगत समुदायमा वन तथा वातावरण र जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने तथा समुदायको क्षमता विकास गर्ने उद्देश्यले वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी तालिम, जडिबुटी खेती तथा व्यवसायीकरण सम्बन्धी तालिम र जलवायु परिवर्तनको असर सम्बन्धी सचेतना अनुकूलन तथा न्यूनीकरणको लागि तालिम कार्यक्रमहरु सम्पन्न भएका छन्। विद्यालय तथा समुदायमा जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी सचेतनामूलक १६ वटा तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न भएका छन्। उक्त सोह्र वटा कार्यक्रमहरु नेचासल्यान गाउँपालिकाको पाँचै वटा वडामा पर्ने माध्यामिक देखि आधारभूत विद्यालयहरुका विद्यार्थीहरुलाई समावेश गराई सम्पन्न गरिएको छ।